Voice : A Biannual & Bilingual Journal
*2025 December, Vol : 17, No. 2, pp.133-143*
DOI : https://doi.org/10.3126/voice.v17i2.92305

# शोधप्रस्तावको ढाँचा: एक अध्ययन

डम्बरबहादुर पुन[१]
सूर्यविक्रम खड्का[२]

**Article Information : Received :** Sep. 11, 2025 **Revised :** Oct. 14, 2025 **Accepted :** Dec. 20, 2025

**सारसङ्क्षेप**

*यस अनुसन्धानमूलक लेखमा शोधप्रस्तावका अङ्गहरू विषय परिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्य, सीमा र विधिलाई क्रमैसँगै चर्चा गरिएको छ । यस कार्यका लागि विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । शोधप्रस्ताव लेखनु अघि संक्षिप्त, अर्थपूर्ण, स्पष्ट र आकर्षक तथा मौलिक, नवीन र समस्याकेन्द्री शोध शीर्षक चयन गर्नुपर्छ । शोध्य विषयको जिज्ञासा वा शोधसमस्या समाधान गर्नका लागि त्रिमुखी प्रकृतिका के, किन र कसरीजस्ता प्रश्नवाचक शब्द राखेर शोध प्रश्न निर्माण गर्नुपर्ने हुन्छ । यस्ता प्रश्नमा केन्द्रित भएर विषयवस्तुको समीक्षा गर्ने, विश्लेषण गर्ने र मूल्याङ्कन गर्ने उद्देश्य शोध उद्देश्यमा राख्नुपर्छ । शोध रिक्तताको पहिचान गरी निश्चित सिद्धान्त वा अवधारणा, त्यसको प्रयोग र शोध शीर्षकसँग सम्बन्धित साहित्यको पूर्वकार्यको समीक्षामा केन्द्रित भएर तीन खण्डमा अध्ययन गर्नुपर्ने हुन्छ । शोधको औचित्य पुष्टि गर्न अनुसन्धान गर्नुपर्ने कारण, वर्तमान सन्दर्भमा यसको आवश्यकता प्रस्ट रूपमा उल्लेख गर्नुपर्छ । सामग्री सङ्कलन गर्दा पुस्कालयीय कार्य वा क्षेत्रकार्य गर्नुपर्ने हुन्छ । क्षेत्रकार्य गर्दा प्रश्नावली, सामूहिक छलफल, विद्युतीय माध्यमद्वारा अन्तरक्रिया र अवलोकन विधिको उपयोग गर्नुपर्ने हुन्छ । यसरी सङ्कलन गरिएका सामग्रीहरूलाई शोधकार्यको आवश्यकताका आधारमा नमुना छनोट विधि वा समष्टि विधिको उपयोग गर्नुपर्ने हुन्छ । नमुना छनोट विधि-अन्तर्गत उद्देश्यमूलक, यादृच्छिक, गुच्छ र हिमगोल विधि पर्दछन् । यसरी तयार गरिएको अनुसन्धानमूलक लेख शोधकार्यमा अभिरुचि भएका शोधार्थी तथा विद्यार्थीहरूका लागि उपयोगी हुने देखिन्छ ।*

**शब्दकुञ्जी: समस्या कथन, शोध प्रश्न, शोध उद्देश्य, शोधविधि, प्राक्कल्पना, सीमाङ्कन**

[१]उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगंज, नेपाल
इमेल : dambarpun06@gmail.com
orcid :https://orcid.org/0009-0008-9548-6336

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## विषय प्रवेश

कुनै पनि अनुसन्धानका लागि प्रारम्भिक कार्य भनेकै शोधप्रस्ताव लेखन हो । यो लेख शोधप्रस्ताव लेखनमा केन्द्रित छ । यसमा शोधप्रस्तावका लागि आवश्यक पर्ने अङ्गहरूको चर्चा गरिएको छ । विशेष गरेर यस लेखमा शोध परिचय, पूर्वकार्यको समीक्षा, शोध समस्या, शोध उद्देश्य, शोधविधि, शोधको औचित्य र महत्त्व अनि शोधको सीमाङ्कन कसरी तयार गर्ने भन्ने विषयमा वर्णन गरिएको छ । यसका लागि वर्णनात्मक विधिको अवलम्बन गरिएको । यस लेखमा अनुसन्धाताका लागि शोध प्रस्ताव कसरी तयार गर्ने भन्ने विषयलाई सरल भाषामा प्रस्तुत गरिएको छ। यसबाट अनुसन्धानका क्षेत्रमा भर्खरै प्रवेष गर्न थालेका अनुसन्धाताहरू लाभान्वित हुने देखिन्छ ।

## सैद्धान्तिक पर्याधार

यस लेखको सैद्धान्तिक पर्याधार अनुसन्धान विधिशास्त्र हो । यसका लागि वैज्ञानिक अनुसन्धान सिद्धान्त, समस्या पहिचान र सूत्रीकरण, उद्देश्य निर्धारण र अनुसन्धान विधिजस्ता अवधारणाहरू सैद्धान्तिक पर्याधारका रूपमा रहेका छन् । अनुसन्धान विशेषज्ञहरूले निर्धारण गरेका विधिशास्त्रका आधारमा पूर्वकार्यको समीक्षाबाट शोध अन्तराल पहिचान गर्नुपर्छ । त्यसपछि शोध समस्या पहिल्याएर शोध उद्देश्य निर्धारण गरी अनुच्छेद योजना तयार गर्नका लागि शोध ढाँचा निर्धारण गर्ने काम शोध प्रस्ताव लेखनमा गरिन्छ । यही अनुसन्धान सिद्धान्त वा विधि नै यस अनुसन्धानमूलक लेखको सैद्धान्तिक पर्याधार हो ।

### अध्ययन विधि

शोध प्रस्ताव लेखनका लागि सामग्री सङ्कलनका लागि पुस्तकालयीय कार्यलाई मूल आधार बनाइएको छ। सङ्कलित सामग्रीको विश्लेषणका लागि वैज्ञानिक विधिशास्त्रलाई प्रमुख आधार बनाइएको छ। यसका लागि विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । विषयवस्तुको प्रस्तुति गर्दा सिद्धान्तबाट व्याख्या गरिएकाले यसका लागि भने निगमनात्मक विधिको प्रयोग गरिएको छ ।

### परिणाम र छलफल

कुनै पनि अनुसन्धान कार्य गर्नुपूर्व विश्वविद्यालय, क्याम्पस वा अनुसन्धान संस्थाबाट अनुसन्धान अनुमतिका लागि शोधप्रस्ताव लेख्ने तरिकाका बारेमा विश्लेषण गर्ने काम यसमा गरिएको छ । यस लेखले अनुसन्धानका समस्यालाई स्पष्ट पार्ने, अनुसान्धान उद्देश्य निर्धारण गर्ने, अनुसन्धानका लागि आवश्यक पर्ने साधन, स्रोत, समय र बजेटको निर्क्यौल गर्ने, अनुसन्धान आवश्यक र उपयोगी भएको प्रस्ट पार्ने र अनुसन्धान मार्गदर्शनको खाका तयार गर्ने काम गर्नु नै यस लेखको परिणाम हो । यसप्रकारको परिणाम प्राप्तिका लागि निम्नानुसार छलफल गरिन्छ ।

### शोध शीर्षक चयन

शोधप्रस्ताव लेखनका क्रममा सबैभन्दा पहिले ध्यानदिनुपर्ने विषय शोधकार्यको शीर्षक चयन हो । शोधको शीर्षक चयन गर्दा संक्षिप्त, अर्थपूर्ण, स्पष्ट र आकर्षक तथा मौलिक, नवीन र समस्याकेन्द्री चयन

गर्नुपर्छ । शोधशीर्षक विवादास्पद र दुर्बोध्य हुनु हुँदैन । यो सैद्धान्तिक दृष्टिले मौलिक र व्यवहारिक दृष्टिले उपयोगी हुनुपर्छ । शीर्षक प्राज्ञिक दृष्टिले औचित्यपूर्ण एवम् ठोस परिणाम निकाल्न सकिने समाधेय प्रकृतिको हुनुपर्छ । शीर्षक चयन गर्दा शोधर्थीको अरुचि अनुकूल तथा उक्त विषयको पूर्व ज्ञान भएको हुनुपर्छ । यदि पूर्व ज्ञानको अभाव भएमा अध्ययन सामग्रीको अभाव हुनजाने र शोधकार्यमा बाधा उत्पन्न हुन जाने सम्भावना हुन्छ, त्यसकारण यो अध्ययन र ज्ञानको सीमाभित्र विषय संयोजन र व्यवस्थापन गर्न सकिने खालको छनोट गरेको हुनुपर्छ । शीर्षक चयन गर्दा शोधकार्यको समुच्चय र चरका बारेमा पूर्ण जानकार हुनु पर्दछ । यसले अध्ययन विधि र सम्भाव्य परिणामको समेत सङ्केत गरेको हुनुपर्छ । आयामका हिसाबले शोधशीर्षक अतिवयाप्ति र अव्याप्ति तथा अति लामो र अति छोटो हुनु हुँदैन । सामान्यतय शोधको शीर्षक १२ शब्दको आसपासमा भएमा उपयुक्त हुने भए तापनि २० शब्दसम्ममा पनि शीर्षक राख्ने परम्परा रहेको पाइन्छ । सम्बन्धित विषयमा यस अघि अध्ययन भइसकेको, अनावश्य लामो र अति छोटो, विषयवस्तुको प्रतिविम्बन नभएको, अरुचिकर, अस्पष्ट र द्विअर्थी अनि नवीनताको सङ्केत नगरेको शोधशीर्षक भएमा शोधार्थी यसबाट टाढा रहनु पर्दछ ।

शोधकार्यको शीर्षक चयन गर्दा शोधार्थीको रुचि, क्षमता, योग्यता र ज्ञानको सीमालाई ध्यानमा राख्नुपर्छ । शीर्षक छोटो, छरितो, स्पष्ट र समस्यामूलक हुनुपर्छ । यो नयाँ, मौलिक, समाधानमुखी र सार्थक हुनुका साथै शीर्षकबाट नै अनुसन्धेय विषय स्पष्ट बुझिने हुनुपर्छ । यसका साथै शोध शीर्षक सैद्धान्तिक र व्यवहारिक दृष्टिले उपयोगी र समय, साधन, श्रम र खर्चले भ्याउने खालको हुनुपर्छ (शर्मा र लुइटेल, २०५२, पृ. २०) । यी विविध कुरामा विशेष ध्यान दिएर शीर्षकको छनोट गरिएको खण्डमा शोधकार्यलाई सम्पन्न गर्न सहज हुन्छ ।

## विषय परिचय

अनुसन्धान कार्य प्रारम्भ गर्न थालिएको वा गरिएको विषयको पृष्ठभूमि, सन्दर्भ र औचित्यका विषयमा संक्षेपमा प्रस्ट पारिएको प्रारम्भिक खण्ड नै विषय परिचय हो । यसमा विषयको सामान्य पृष्ठभूमि, वर्तमान अवस्था, अध्ययनको आवश्यकता र सीमाको बारेमा अति संक्षेपमा सङ्केत गरिएको हुनुपर्छ । यसका साथै शोधशीर्षकका दुई आन्तरिक स्थितिहरू शोधक्षेत्र र शोधसमस्याको क्रमैसँग परिचयसमेत यसमा दिनु पर्दछ । सर्वप्रथम सम्बद्ध विषय क्षेत्रलाई चिनाउँदै त्यसअन्तर्गत प्रस्तावित शोधशीर्षकले समेट्ने अध्ययनको खास क्षेत्रको परिचय दिनुपर्छ । त्यसपछि शोधसमस्याका बारेमा समेत जानकारी दिनुपर्ने हुन्छ । यसका लागि त्यससम्बन्धी पूर्व अध्ययनको अवस्थाका बारेमा जानकारी दिँदै आफूले अध्ययन गर्न खोजेको वा दावी गरेको अध्ययनीय पक्षलाई समेत स्पष्ट पार्ने काम गर्नु पर्दछ । विषय परिचयमा केही सान्दर्भिक र पृष्ठभूमिका कुराहरू मात्र प्रस्तुत गरिने एक प्रकारको भूमिका लेखन मात्र भएकाले यसमा अनावश्यक गन्थनले भरिएको लामो भूमिका बाँध्नु राम्रो हुँदैन (बन्धु, २०७५, पृ. १६) । जति सक्दो छोटो, छरितो, स्पष्ट, प्रासङ्गिक र आकर्षक ढङ्गबाट विषय परिचय लेख्नु राम्रो मानिन्छ ।

## समस्याकथन

शोधकार्यमा अनुसन्धान किन आवश्यक छ भन्ने कुरालाई स्पष्ट र तर्कसङ्गत रूपमा प्रस्तुत गर्ने अंश समस्या कथन हो । अनुसन्धानका क्षेत्रमा समस्या भनेर व्यक्तिगत समस्यालाई नबुझाएर प्राज्ञिक जिज्ञासा वा समस्यालाई बुझाउने गरेको पाइन्छ । अध्ययन कार्यका लागि छनोट गरिएको अनुसन्धेय विषयवस्तुलाई शोधसमस्या भनिन्छ, अर्थात् शोध्य विषयको जिज्ञासाको समाधान भइनसकेको विषय नै शोधसमस्या हो । यसमा हालसम्म उद्घाटित भइनसकेका अध्ययन गरेर उद्घाटित गर्नुपर्ने प्राज्ञिक जिज्ञासाका रूपमा रहेका समस्याहरू रहेका हुन्छन् । यसले अनुसन्धानले समाधान गर्न खोजेको मुख्य प्रश्न, चुनौती, विषयवस्तुलाई स्पष्ट रूपमा प्रस्तुत गर्ने काम गर्दछ । शोधसमस्यामा अनुसन्धान गर्नुपर्ने कारण, त्यसको आवश्यकता र गहिरो रूपमा अध्ययन गर्नुपर्ने पक्षका विषयमा चर्चा गरिएको हुन्छ । शोधकार्यले समस्याको समाधान पहिल्याउँदै नयाँ ज्ञानको स्थापना गर्दछ । शोधसमस्याको जगमा बसेर शोधप्रश्न बनाउनु पर्दछ । शोध प्रश्न बनाउँदा अनुसन्धान गर्न खोजिएको विषय, अनुसन्धान गर्नुपर्ने कारण र अनुसन्धान गर्ने तरिका वा विधिमा केन्द्रित भएर बनाउनु पर्ने हुन्छ । यसका लागि त्रिमुखी प्रकृतिका के, किन र कसरीजस्ता प्रश्नवाचक शब्द राखेर शोध प्रश्न निर्माण गर्नुपर्ने हुन्छ । यस्ता प्रश्नले विषयवस्तुको समीक्षा गर्ने, विश्लेषण गर्ने र मूल्याङ्कन गर्ने लक्ष्य राखेको पाइन्छ । समस्याकथन प्रमेय, साध्य वा स्थूल पक्ष हो भने शोधप्रश्न संयन्त्र, साधन वा सङ्कुचित पक्ष हो । समस्याकथन र शोधप्रश्नलाई साहित्यको अध्ययनमा एउटै शीर्षकमा र साहित्यबाहेकका विषयको अध्ययनमा छुट्टाछुट्टै शीर्षकमा राख्ने प्रचलन छ ।

## उद्देश्य

अनुसन्धानले पत्तालगाउन खोजेको प्रश्नको जवाफ नै उद्देश्य हो । यसमा शोधसमस्यामा उठाइएका प्राज्ञिक प्रश्नको समाधान खोज्ने कार्य गरिन्छ । शोधकार्यमा शोधप्रश्न र उद्देश्यका बिचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । यी दुबैका बिचमा अन्विति र सङ्गति मिल्न आवश्यक हुन्छ । उद्देश्यले अनुसन्धानले हासिल गर्न खोजेको लक्ष्यलाई बुझाउने भएकाले यसले अनुन्धान कार्यलाई मार्गनिर्देश गर्ने काम गर्दछ । शोधप्रश्नले उठाउन खोजेका सम्भाव्य उत्तरलाई उद्देश्यले सीमित, स्पष्ट र नतिजामुखी बनाउने काम गर्दछ । शोधप्रश्नमा केन्द्रित भएर राखिने उद्देश्यबाट नै अनुसन्धान परिच्छेदको निर्धारण गरिन्छ । उद्देश्य बनाउँदा अनुसन्धान गर्न खोजिएको विषय, अनुसन्धान गर्नुपर्ने कारण र अनुसन्धान गर्ने तरिका वा विधिमा केन्द्रित भई शोध्य विषयको विश्लेषण गर्ने, समीक्षा गर्ने र मूल्याङ्कन गर्ने उद्देश्य राख्नु पर्दछ ।

## पूर्वकार्यको समीक्षा

अनुसन्धान गर्नुपूर्व शोधसमस्याका विषयमा भए गरेका कार्यहरूको समीक्षालाई पूर्वकार्यको समीक्षा सिुचतअभनिन्छ । यसलाई पूर्वकार्यको पर्यावलोकन, वाङ्मय समीक्षा, साहित्य सर्वेक्षण पनि भन्ने गरेको पाइन्छ । पूर्वकार्यको समीक्षाले शोध अन्तराल पहिचान गरी शोधकार्यलाई सही मार्गनिर्देश गर्न सक्ने भएकाले यसलाई व्यवस्थित तरिकाले अध्ययन गर्न आवश्यक हुन्छ । ज्ञानका विषयमा कुनै सघाउ नपुऱ्याउने शोधकार्यको निरर्थक प्रयास गर्न हुँदैन । पूर्वकार्यको समीक्षाले अनुसन्धान अन्तराल पहिचान गर्नसक्नु पर्छ ।

अनुसन्धानका क्षेत्रमा देखिएको रिक्ततालाई परिपूर्ति गर्नु नै शोधकार्यको प्रमुख उद्देश्य भएकाले अनुसन्धान रिक्तता पहिचान गर्न र अनुसन्धानमा सघाउ पुऱ्याउने पक्षको मात्र पूर्वकार्यको समीक्षा गर्नुपर्ने हुन्छ । पूर्वकार्यको समीक्षाबाट नै शोध्य विषयमा यसअघि केकति काम भएको छ, केकति काम भएको छैन र केकति काम गर्न बाँकी रहेको छ भन्ने थाहा पाउन सजिलो हुन्छ । शोधशीर्षकका दुई आन्तरिक स्थितिहरू शोधक्षेत्र र शोधसमस्या रहेका हुन्छन् । शोधक्षेत्र शोधकर्ताको रुचिको विषय भएको र यसले शोधकर्तालाई अनुशासित रूपमा एउटा परिसीमाभित्र बस्न बाध्य तुल्याउने भएकाले यसको पूर्वकार्यको समीक्षा गर्न आवश्यक हुँदैन । शोधसमस्या भने शोधकर्ताको मूल अनुसन्धेय विषय भएकाले शोधक्षेत्रको परिसीमाभित्र रहेर कुनै एक शोधसमस्याको पूर्वकार्यको समीक्षा गर्नुपर्ने हुन्छ। कुनैकुनै शोधशीर्षकले भने शोधक्षेत्रसँग सम्बन्धित पूर्वकार्यको समीक्षाको अपेक्षा गर्दछ (श्रेष्ठ, २०७७, पृ. १०-१३) । विशेष गरेर सिद्धान्त (रस, अलङ्कार, परिष्कारवाद, यथार्थवाद) र अवधारणा (राष्ट्रप्रेम, प्रेमभाव, विद्रोही चेतना) मा आधारित अनुसन्धानको पूर्वकार्यको समीक्षा गर्दा शोधक्षेत्रको पूर्वकार्यको समीक्षा गर्न आवश्यक हुँदैन तर यीबाहेक योगदान वा भूमिकाको अध्ययनजस्ता अनुसन्धान कार्यका लागि भने शोधक्षेत्रको पनि पूर्वकार्यको समीक्षा गर्नुपर्ने हुन्छ ।

पूर्वकार्यको समीक्षा गर्दा तीन खण्डमा गर्नुपर्ने हुन्छ । यसको पहिलो खण्डमा सैद्धान्तिक साहित्यको समीक्षा वा अवधारणात्मक साहित्यको समीक्षा गर्नुपर्ने हुन्छ । सिद्धान्त वा अवधारणाको ज्ञान भएन भने अनुसन्धान कार्यले पूर्णता पाउन सक्दैन । कुनै सिद्धान्त वा अवधारणालाई टेकेर शोधक्षेत्रको अध्ययन विश्लेषण गरिने भएकाले यस विषयमा पूर्ण रूपमा जानकार हुन जरूरी हुन्छ । पूर्वकार्य समीक्षाको दोस्रो खण्डमा प्रायोगिक साहित्यको समीक्षा गर्नुपर्ने हुन्छ । आफूले समीक्षा गरेको सिद्धान्त वा अवधारणा कुनकुन शोधक्षेत्रमा यसअघि अध्ययन भइसकेको छ, त्यस विषयको पनि पूर्वकार्यको समीक्षा गर्न नितान्त आवश्यक हुन्छ । यसप्रकारको पूर्वकार्यको समीक्षाबाट उक्त सिद्धान्त वा अवधारणाका आधारमा कुनकुन विधि वा तरिकाबाट शोधक्षेत्रको अध्ययन गर्न सकिन्छ भन्ने कुराको ज्ञान शोधकार्यका लागि अत्यन्त उपयोगी हुने गर्दछ। तेस्रो खण्डमा शोध शीर्षकसँग सम्बन्धित साहित्यको समीक्षा गर्नुपर्छ। यो खण्ड पूर्वकार्यको समीक्षाको महत्त्वपूर्ण खण्ड हो । यसको अध्ययनबाट नै शोध अन्तराल पहिचान गर्न सकिन्छ ।

पूर्वकार्यको समीक्षा गर्दा मूलतः दुईओटा कालक्रमानुगत र विषयगत विधि अवलम्बन गर्न सकिन्छ। अनुसन्धानका क्षेत्रमा प्रचलित एवम् लोकप्रिय विधि कालक्रमानुगत विधि हो । यस विधिअनुसार पूर्वकार्यको समीक्षा गर्दा पूर्वकार्यको समीक्षा गरिएका कृतिको प्रकाशन मितिका आधारमा क्रमैसँग सबैभन्दा पहिलो प्रकाशित कृति र त्यसपछि क्रमशः अन्य कृतिको समीक्षा गरिन्छ । विषयगत विधिका आधारमा गरिने पूर्वकार्यको समीक्षा भने सीमित शोधकार्यमा मात्र प्रयोग गरेको पाइन्छ । शोध समस्या दुई वा दुईभन्दा बढी भएको अवस्थामा मात्र पूर्वकार्यको समीक्षामा विषयगत विधिको उपयोग गरिन्छ । उदाहरणका रूपमा प्रयोगवादी नेपाली कवितामा विचलन शीर्षकको शोधकार्यको पूर्वकार्यको समीक्षा गर्नुपर्ने भएमा सैद्धान्तिक साहित्यको समीक्षा गर्दा एकपटक प्रयोगवाद र अर्कोपटक विचलनका विषयमा छुट्टाछुट्टै कालक्रममा राखेर चर्चा गर्नु पर्दछ ।

## शोधको औचित्य र महत्त्व

अनुसन्धानका क्रममा शोध्य विषय किन उपयुक्त, आवश्यक र सान्दर्भिक छ भन्ने कुराको पुष्टि गर्नु नै शोधको औचित्य हो भने शोधको महत्त्व भन्नाले शोधको उपयोगिता, लाभ र योगदानलाई स्पष्ट पार्नु हो । यसमा अनुसन्धान गर्नुपर्ने कारण, वर्तमान सन्दर्भमा यसको आवश्यकता, अनुसन्धान समस्या र अनुसन्धानको रिक्तता रहेकाले अनुसन्धान गर्न योग्य छ भन्ने कुरालाई प्रस्ट रूपमा उल्लेख गरिएको हुन्छ । शोधप्रस्तावमा शोधको औचित्य पुष्टि गर्न शोधको आवश्यकता, शोध गर्नुपर्ने कारण, शोधकार्यमा अनुसन्धान अन्तराल देखिएको, शोधले समाज, शैक्षिक क्षेत्र वा नीतिगत क्षेत्रमा पुऱ्याउने योगदानका कुरालाई पनि प्रस्ट पार्नु पर्दछ। यसका साथै शोधबाट प्राप्त नयाँ ज्ञान, तथ्य वा सिद्धान्तले सामाजिक परिवर्तनमा के कस्तो योगदान दिन सक्दछ अर्थात् शोधको भावी निष्कर्षले राष्ट्रिय जीवनका कुनै पक्षमा के कस्तो सकारात्मक प्रभाव पार्न सक्दछ भन्ने कुरा पनि प्रस्ट पार्नुपर्ने हुन्छ । औचित्यले शोधकार्य गर्नुपर्ने कारण, मौलिक, नवीन ज्ञानको उद्घाटन गर्ने र महत्त्वले शोधले पुऱ्याउने योगदान, लाभ वा फाइदाका विषयमा चर्चा गर्नुपर्छ ।

## शोधको सीमाङ्कन


शोधशीर्षकले सङ्केत गरेका सम्पूर्ण पक्षलाई अध्ययनका क्रममा समेट्न गाह्रो हुने भएकाले शीर्षकमा उल्लेखित पक्षहरूमध्ये यतिलाई छाडेर यतिलाई यहाँ अनुसन्धान गरिने छ भनेर लगाइने साँधलाई सीमा भनिन्छ । यसमा अनुसन्धानकर्ताले आफ्नो इच्छा, स्रोत, समय, उद्देश्य-अनुसार अध्ययनको दायरा वा सीमा निर्धारण गरेको हुन्छ । शोधसीमा भनेर अध्ययन क्षेत्र बिस्तार गरिने अन्तिम रेखा वा साँधलाई भनिन्छ भने परिसीमा भनेर अनुन्धानले समेट्न नसकेका क्षेत्र वा अनुसन्धानका क्रममा बाध्यताले आउने अवरोध, कमजोरी, अभाव वा नियन्त्रणबाहिरका बाधालाई बुझिन्छ । अध्ययनलाई व्यवस्थित र मर्यादित बनाउन सीमाङ्कनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। सीमाङ्कन नगरीकन छरपस्ट रूपमा अध्ययनको थालनी गरियो भने ठिक निष्कर्ष निस्कने सम्भावना कम हुन्छ । यसबाट नै अध्ययनको उद्देश्य-अनुरूप स्पस्ट, उपयुक्त र चाँहिदो निष्कर्ष निकाल्न सजिलो हुन्छ ।

सर्वप्रथम सङ्कलन गर्न थालिएका सामग्रीहरू सीमित हुन् वा असीमित हुन्, त्यसको पहिचान गर्नुपर्छ । अध्ययन क्षेत्र वा समुच्चय सङ्ख्यात्मक हिसाबले निश्चित सङ्ख्याको भएमा त्यो सीमित प्रकृतिको समुच्चय भएको शोधकार्य हो, जस्तैः गोपालप्रसाद रिमालका नाटकमा यथार्थवाद । यहाँ गोपालप्रसाद रिमालका नाटकको सङ्ख्या निश्चित (प्रकाशित तीन र अप्रकाशित एक गरी जम्मा चारओटा) रहेको पाइन्छ। यसै गरी समुच्चयका सङ्ख्या अनिश्चित भएमा त्यो असीमित प्रकृतिको समुच्चय भएको शोधकार्य हो, जस्तैः आधुनिक नेपाली कवितामा आलङ्कारिक प्रयोग । यहाँ आधुनिक नेपाली कविताको सङ्ख्या अनिश्चित भएकाले यो असीमित प्रकृतिको शोधकार्य हो । त्यसैले समुच्चयको छनोट गर्दा यस विषयमा पनि ध्यान दिनुपर्ने हुन्छ । यदि असीमित प्रकृतिको समुच्चय भएमा यसको सीमाङ्कनमा विशेष ध्यान दिनु पर्दछ । यसै गरी विषयवस्तु र प्रवृत्तिका हिसाबले समुच्चय समवायी वा विषमवायी कुन हो भनेर पनि पहिचान गर्न जरुरी हुन्छ। समवायी समुच्चय भनेर एउटै प्रकृतिको विषयवस्तु वा प्रवृत्ति भएको भन्ने बुझिन्छ, जस्तैः रमेश

विकलका उपन्यासमा प्रगतिवाद । यहाँ रमेश विकलका उपन्यास समवायी समुच्चय हो, किनभने रमेश विकलका सबै उपन्यासहरू एकै प्रकारका प्रगतिवादी छन् । विषमवायी समुच्चय भनेर अनेकप्रकारका विषयवस्तु वा प्रवृत्ति भएका भन्ने बुझिन्छ, जस्तैः बालकृष्ण समका नाटकमा नाट्यशिल्प । यहाँ बालकृष्ण समका नाटक विषमवायी समुच्चय हो, किनभने उनका नाटकहरू कुनै सामाजिक, कुनै ऐतिहासिक र कुनै पौराणिक विषयवस्तु भएका छन् । यसप्रकारका विषमवायी प्रकृतिको समुच्चय भएमा विषय क्षेत्र छनोट गर्दा सीमाङ्कनमा विशेष ध्यान दिनुपर्ने हुन्छ ।

## शोधविधि

शोधकार्यका लागि अपनाइने प्रक्रिया, तरिका वा पद्धतिलाई शोधविधि भनिन्छ । यसमा कुनै पनि अनुसन्धानका लागि तथ्य वा प्रमाण सङ्कलन गर्न, विश्लेषण गर्न र निष्कर्ष निकाल्न वैज्ञानिक वा व्यवस्थित तरिका अवलम्वन गरिन्छ । यसरी अनुसन्धानलाई वैज्ञानिक, व्यवस्थित र प्रामाणिक बनाउन उपयुक्त शोधविधिको निर्धारण गर्ने गरिन्छ । अनुसन्धान कार्यका लागि उपयोग गरिने शोधविधिलाई निम्नानुसार आरेखमा प्रस्तुत गर्न सकिन्छ-




उल्लिखित आरेखबाट के स्पष्ट हुन्छ भने अनुसन्धान कार्यका लागि सर्वप्रथम सामग्री सङ्कलन विधि र सामग्री विश्लेषण विधि निर्धारण गर्नुपर्ने हुन्छ । सामग्री सङ्कलन गर्दा पुस्कालयीय कार्य वा क्षेत्रकार्य गर्नुपर्ने हुन्छ । कतिपय अनुसन्धानका सामग्रीहरू पुस्तकालयमा गएर सङ्कलन गरिन्छ भने कतिपय अनुसन्धानका सामग्री विभिन्न क्षेत्रमा गएर सङ्कलन गरिन्छ । क्षेत्रकार्यलाई कतिपय विद्वान्ले स्थलगतकार्य पनि भनेको पाइन्छ । क्षेत्रकार्य-अन्तर्गत प्रश्नावली, सामूहिक छलफल, विद्युतीय माध्यमद्वारा अन्तरक्रिया र

अवलोकन विधिको उपयोग गर्नुपर्ने हुन्छ । अवलोकन विधिमा पनि निरपेक्ष वा सहभागितामूलक विधिको सहायता लिनुपर्ने हुन्छ। जुनसुकै तरिकाबाट सामग्री सङ्कलन गरिए पनि शोधकार्यको आवश्यकताका आधारमा नमुना छनोट विधि वा समष्टि विधिको उपयोग गर्नुपर्ने हुन्छ । नमुना छनोट विधिमा उपलब्ध सामग्रीमध्ये शोधकार्यका लागि आवश्यक पर्ने सामग्रीको मात्र छनोट गरिन्छ भने समष्टि विधिमा सम्पूर्ण सामग्रीको छनोट गरिन्छ । नमुना छनोट विधि भनेको शोधकार्यलाई विश्वसनीय र भरपर्दो बनाउन भएका मध्येबाट प्रतिनिधिमूलक वा शोधकार्यका लागि आवश्यक पर्ने केही सामग्रीको मात्र चयन गर्नु हो । यस्तो चयन औचित्यपूर्ण, वैज्ञानिक र पद्धतिमूलक हुनु पर्दछ (श्रेष्ठ, २०७७, पृ. ५८) । नमुना छनोट विधि उद्देश्यमूलक, यादृच्छिक, गुच्छ र हिमगोल विधि गरी चार प्रकारका हुन्छन् । उद्देश्यमूलक नमुना छनोट विधि भनेको शोध शीर्षकलाई केन्द्रविन्दु बनाएर अध्ययनलाई आवश्यक पर्ने सामग्रीको मात्र छनोट गर्नु हो । यसमा उपलब्ध सामग्रीहरूमध्ये शोध क्षेत्र र शोध समस्यालाई आवश्यक पर्ने सामग्रीको मात्र छनोट गर्ने काम गरिन्छ । यादृच्छिक नमुना छनोट विधि भनेको शोध क्षेत्र र शोध समस्याले समेटेका सामग्रीहरू ठूलो परिणाममा देखापरेको खण्डमा तिथि मिति वा विषयवस्तुमा पाइने सशक्त प्रस्तुतिलाई आधार मानेर सम्बन्धित सामग्रीमध्ये बाट पनि सीमित सामग्रीको छनोट गर्नु हो । अध्ययनको दायरा एकदमै ठूलो हुने अवस्था आएमा सामग्री सङ्कलन गर्न यस विधिको उपयोग गरिन्छ ।

## रूपरेखा वा ढाँचा

शोधप्रस्ताव लेख्दै गर्दा अनुसन्धान गर्न थालिएको विषयवस्तु ऐतिहासिक विकासक्रम देखाउने द्विरेखीय पद्धति वा ऐतिहासिक विकासक्रम नदेखाउने एकरेखीय पद्धतिको हो, यसको उल्लेख गर्नुपर्छ । यसका साथै अनुसन्धान विचारको प्राधान्यता भएको गुणात्मक अनुसन्धान हो वा तथ्याङ्कहरूको बाहुल्यता भएको परिमाणात्क अनुसन्धान हो वा सिद्धान्त र तथ्याङ्कको मिश्रण भएको मिश्रित अनुसन्धान हो, यस विषयलाई पनि उल्लेख गर्नुपर्छ । त्यसपछि शोध उद्देश्यमा केन्द्रित भएर परिच्छेदको योजना प्रस्तुत गर्नुपर्छ ।

## प्राक्कल्पना

प्राक्कल्पना भनेको शोधसमस्याको सम्भाव्य परिणामका बारेमा शोधकर्ताले गर्ने पूर्वानुमान हो । अनुसन्धानको प्रारम्भ गर्नुभन्दा पहिले नै शोधप्रस्ताव लेखनका क्रममा तयार गरिने परीक्षण योग्य कथन वा अनुमानलाई प्राक्कल्पना भनिन्छ। यो एक प्रकारको काल्पनिक निष्कर्ष हो। यस प्रकारले अनुमान गरिएको उत्तर वा जवाफलाई अनुसन्धानका क्रममा परीक्षण गरिन्छ । यसरी परीक्षण गर्दा अनुसन्धान कर्ताले तथ्याङ्कको सङ्कलन र विश्लेषणका माध्यमबाट सत्य-असत्य निकाल्ने काम गर्दछ । तथ्याङ्कको विश्लेषणबाट प्राक्कल्पना-अनुसारको निष्कर्ष निस्कनै पर्छ भन्ने छैन । तथ्याङ्कनको विश्लेषणका क्रममा प्राक्कल्पनाको पूर्ण पुष्टि वा मण्डन, अपुष्टि वा खण्डन, आंशिक पुष्टि वा हेरफेर पनि हुन सक्छ । प्राक्कल्पना गरिएको धारणाले सकारात्मक परिणाम ल्याउन नसकेमा प्राक्कल्पना संशोधन वा हेरफेर पनि हुनसक्छ । प्राक्कल्पना अनुसन्धानका क्रममा हेरफेर भए तापनि यसले शोधकर्तालाई गति प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । यति हुँदाहुँदै पनि प्राक्कल्पना परीक्षण योग्य, स्पष्ट, संक्षिप्त, तर्कसङ्गत र सिद्धान्तमा आधारित हुनुपर्छ ।

यो चरहरू बिचको सम्बन्ध स्पष्ट पार्न सक्ने गरी सरल र सारगर्भित रूपमा प्रस्तुत गरिएको हुनुपर्छ । उत्तम प्राक्कल्पनामा अनुसन्धान समस्याको पर्याप्त उत्तर पाइने भएकाले यो तार्किक, परिमाणात्मक हुनुपर्छ । वैज्ञानिक अनुसन्धानहरूमा प्राक्कल्पनाको महत्त्वपूर्ण भूमिका हुन्छ तर भाषा साहित्यका क्षेत्रमा प्राक्कल्पनालाई ऐच्छिक रूपमा लिने गरिन्छ (आचार्य, २०६९, पृ. १७७) । सबै प्रकारका अनुसन्धान प्रस्तावमा प्राक्कल्पना निर्माण गर्नुपर्ने बाध्यता देखिँदैन । सामान्यतया कार्यकारण सम्बन्ध देखिने अनुसन्धानमा प्राक्कल्पनाको आवश्यकता पर्दछ ।

## जनशक्ति र खर्च योजना

शोधकार्य सम्पन्न गर्न अनुसन्धानसँग सम्बन्धित अनेक व्यक्तिको सहायता लिनुपर्ने हुन्छ । यसका लागि अनुसन्धानमा आवश्यक पर्ने जनशक्ति र त्यस कार्यका लागि लाग्ने सम्भावित खर्च योजनका विषयमा पनि चर्चा गर्नुपर्ने हुन्छ । उपाधि प्राप्त गर्नका लागि गरिने अनुसन्धान कार्यका लागि प्रस्तुत गरिने शोध प्रस्तावमा भने यसको आवश्यकता पर्दैन ।

## समय व्यवस्थापन योजना

अनुसन्धान कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नाका लागि समय योजना पनि प्रस्तुत गर्नुपर्ने हुन्छ । यसका लागि सामग्री सङ्कलनदेखि शोधकार्य सम्पन्न गर्दासम्म लाग्ने सम्भावित समयसमेत यस खण्डमा उल्लेख गर्नुपर्छ । उपाधि प्राप्त गरिने शोध कार्यका लागि भने समय नियममा नै व्यवस्था हुने भएकाले शोध प्रस्तावमा लेख्ने गरेको देखिँदैन ।

## थप विषयहरू

शोधप्रस्ताव लेखनका क्रममा शोध क्षेत्र, शोध समस्या, समुच्चय, चरलगायतका विषयमा पनि जानकारी राख्नुपर्ने हुन्छ । यी विषयहरूलाई शोधप्रस्तावको अङ्गको रूपमा नराखिए पनि यी विषयको जानकारीबाट मात्र शोधप्रस्तावको निश्चित ढाँचा तयार गर्न सजिलो हुन्छ । यी विषयहरूको निम्नानुसार चर्चा गरिन्छ-

## शोधाक्षेत्र र समुच्चय

सामान्यतया शोधक्षेत्र र समुच्चयका बिचमा धेरै कुरामा समानता पाइन्छ । यी दुबै अनुसन्धान विधिसँग सम्बन्धित हुन्छन् र यिनले अनुसन्धानको विश्वसनीयता र वैधतालाई प्रस्ट पार्ने काम गर्छन् । यसका साथै यी दुबैले कुन विषय, कुन समूह र कुन क्षेत्रलाई अध्ययन गर्ने भन्ने अनुसन्धानको सीमालाई निर्धारणसमेत गर्दछन् । अनुसन्धानलाई अनियन्त्रित रूपमा फैलिन नदिई अनुसन्धानको दायर स्पष्ट पार्न यी दुबैको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । यी दुबैका बिचमा यति धेरै समानता भएर पनि सूक्ष्म रूपमा केही भिन्नता पाइन्छ । शोधक्षेत्रले अनुसन्धान गरिने भौगोलिक, सांस्कृतिक वा विषयगत क्षेत्रलाई बुझाउँछ भने समुच्चयले अनुसन्धानको विषयसँग सम्बन्धित सबै एकाइहरूको कुल समूहलाई जनाउँछ । शोधक्षेत्रको दायरा सीमित हुन्छ र यो स्थान केन्द्रित हुन्छ भने समुच्चयको दायरा व्यापक हुन्छ र यो विषय अर्थात् व्यक्ति, वस्तु,

घटना, कृतिमा केन्द्रित हुन्छ । यसलाई उदाहरण दिएर स्पष्ट पर्दा सल्यान आठहजार क्षेत्रका लोकगीतमा अलङ्कार विधान शीर्षकको अनुसन्धान कार्यको शोधक्षेत्र लोकगीतको आलङ्कारिक अध्ययनका लागि छनोट गरिएको सल्यान आठहजार क्षेत्र हो भने यसको समुच्चय भनेको यस क्षेत्रमा पाइने लोकगीतहरूको सम्पूर्ण एकाइ हो ।

## शोधसमस्या र चर

शोधसमस्या र चर दुबै अनुसन्धानका आधारभूत तत्त्व हुन् । शोधसमस्या बिना अनुसन्धान सुरु गर्न सकिँदैन भने चर बिना विश्लेषण गर्न सकिँदैन । यी दुबै अनुसन्धानको मूल उद्देश्यसँग सम्बन्धित छन् । अनुसन्धान गर्ने विषय के हो र यसलाई कसरी मापन गर्ने भन्ने कुराको निर्धारण यी दुबैबाट गरिन्छ । यिनीहरू तथ्य, तथ्याङ्क र अवलोकनका आधारमा परीक्षण गर्न सकिने खालका हुन्छन् । शोधसमस्या र चरका बिचमा यति धेरै समानता भएर पनि सूक्ष्म रूपमा केही भिन्नता पाउन सकिन्छ । शोधसमस्या भनेको अनुसन्धानको मुख्य प्रश्न हो । यसले अनुसन्धानको दिशानिर्देश गर्दछ । चर भनेको समस्या बुझ्न मापन गरिने पक्ष हो, यसले अनुसन्धानको मापन योग्य एकाइ निर्धारण गर्दछ । यो अनुसन्धानको परिवर्तनशील तत्त्व हो । सल्यान आठहजार क्षेत्रका लोकगीतमा अलङ्कार विधान शीर्षकको अनुसन्धान कार्यको शोधसमस्याले त्यहाँका लोकगीतमा अलङ्कारको प्रयोग कसरी भएको छ भन्ने कुरालाई सङ्केत गर्दछ भने चरले कुन कुन अलङ्कारको प्रयोग भएका छन् भन्ने कुराको निर्धारण गर्दछ । यसबाट के स्पष्ट हुन्छ भने शोधसमस्या भनेको अनुसन्धानको मूल प्रश्न हो भने चर त्यही प्रश्नको उत्तर खोज्न प्रयोग गरिने परिवर्तनशील तत्त्व हो ।

## निष्कर्ष

प्रस्तुत लेख अनुसन्धाताले अनुसन्धान कार्य गर्दा शोधप्रस्ताव कसरी तयार गर्ने भन्ने विषयमा केन्द्रित रहेर तयार गरिएको छ । यसका लागि विषय परिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्य, सीमा र विधिलाई क्रमैसँगै चर्चा गरिएको छ । शोधप्रस्तावका अङ्गहरूको चर्चा गर्दा विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । शोधप्रस्ताव लेखनका क्रममा शोधको शीर्षक चयन गर्दा संक्षिप्त, अर्थपूर्ण, स्पष्ट र आकर्षक तथा मौलिक, नवीन र समस्याकेन्द्री चयन गर्नुपर्छ । यो विवादास्पद र दुर्बोध्य हुनु हुँदैन । शीर्षक सैद्धान्तिक दृष्टिले मौलिक र व्यवहारिक दृष्टिले उपयोगी हुनुपर्छ । विषय परिचय-अन्तर्गत विषयवस्तुको पृष्ठभूमि, सन्दर्भ र औचित्यका विषयमा संक्षेपमा प्रस्ट पारिएको हुनुपर्छ । शोध्य विषयको जिज्ञासा वा शोधसमस्या समाधान गर्नका लागि त्रिमुखी प्रकृतिका के, किन र कसरीजस्ता प्रश्नवाचक शब्द राखेर शोध प्रश्न निर्माण गर्नुपर्ने हुन्छ । यस्ता प्रश्नमा केन्द्रित भएर विषयवस्तुको समीक्षा गर्ने, विश्लेषण गर्ने र मूल्याङ्कन गर्ने उद्देश्य राख्नुपर्छ । शोध रिक्तताको पहिचान गरी निश्चित सिद्धान्त वा अवधारणामा केन्द्रित भएर अध्ययन गर्न पूर्वकार्यको समीक्षा तीन खण्डमा गर्नुपर्ने हुन्छ । यसको पहिलो खण्डमा सैद्धान्तिक साहित्यको समीक्षा वा अवधारणात्मक साहित्यको समीक्षा, दोस्रो खण्डमा प्रायोगिक साहित्यको समीक्षा, तेस्रो खण्डमा शोध शीर्षकसँग सम्बन्धित साहित्यको समीक्षा गर्नुपर्छ ।

शोधको औचित्य पुष्टि गर्न अनुसन्धान गर्नुपर्ने कारण, वर्तमान सन्दर्भमा यसको आवश्यकता, अनुसन्धान समस्या र अनुसन्धानको रिक्तता रहेकाले अनुसन्धान गर्न योग्य छ भन्ने कुरालाई प्रस्ट रूपमा उल्लेख गर्नु पर्दछ। अनुसन्धानकर्ताले आफ्नो इच्छा, स्रोत, समय, उद्देश्य-अनुसार अध्ययनको दायरा वा सीमा निर्धारण गर्दा समुच्चय र चरलाई विशेष ध्यान दिनुपर्छ। सामग्री सङ्कलन गर्दा पुस्कालयीय कार्य वा क्षेत्रकार्य गर्नुपर्ने हुन्छ। क्षेत्रकार्य-अन्तर्गत प्रश्नावली, सामूहिक छलफल, विद्युतीय माध्यमद्वारा अन्तरक्रिया र अवलोकन विधिको उपयोग गर्नुपर्ने हुन्छ । अवलोकन विधिमा पनि निरपेक्ष वा सहभागितामूलक विधिको सहायता लिनुपर्ने हुन्छ । जुनसुकै तरिकाबाट सामग्री सङ्कलन गरिए पनि शोधकार्यको आवश्यकताका आधारमा नमुना छनोट विधि वा समष्टि विधिको उपयोग गर्नुपर्ने हुन्छ । नमुना छनोट विधि-अन्तर्गत उद्देश्यमूलक, यादृच्छिक, गुच्छ र हिमगोल विधि पर्दछन् । यसरी शोधप्रस्तावका विभिन्न अङ्गहरूको चर्चा गरिएको यस अनुसन्धानमूलक लेखबाट शोधकार्यमा अभिरुचि भएका शोधार्थीहरू लाभान्वित हुने र अनुसन्धान कार्य प्रारम्भ गर्न थालेका विद्यार्थीहरूका लागि उपयोगी हुने देखिन्छ ।

## सन्दर्भ सामग्री सूची

आचार्य, कृष्णप्रसाद (२०६९). *सिर्जना, शोधविधि र संस्कृत काव्यशास्त्र.* क्षितिज प्रकाशन ।

दाहाल, पेसल र सोमप्रसाद खतिवडा (इ.२००५). *अनुसन्धान पद्धति.* एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

बन्धु, चूडामणि (२०७५). *अनुसन्धान तथा प्रतिवेदन लेखन.* रत्न पुस्तक भण्डार ।

भट्टराई, टीका (२०४८). *अनुसन्धान पद्धति.* कान्ता भट्टराई ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०५२). *शोधविधि.* साझा प्रकाशन ।

शिवाकोटी, गोपाल र तिलक चौलागाईं (२०५१). *अनुसन्धान पद्धतिको परिचय.* पाठ्यसामग्री पसल ।

श्रेष्ठ, दयाराम (२०७७). *साहित्यको अनुसन्धान व्यवस्थापन.* शिखा बुक्स ।